# गढवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गढवा देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

# नवौं गाउँसभा
आ.व. २०७८/०७९ को

# नीति तथा कार्यक्रम
२०७८ असार १० गते

प्रस्तुतकर्ता
सहजराम अहिर
अध्यक्ष
गढवा गाउँपालिका
गढवा, देउखुरी ,दाङ ।

यस नवौं गाउँ सभाका सदस्य ज्यूहरू,

उपस्थित गाउँपालिका कर्मचारी साथीहरू,

पत्रकार मित्रहरू,

नोभेल कोरोना भाइरस कोभिड १९ बाट सारा विश्व आक्रान्त भएको जटिल परिस्थितिमा गढवा गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ को निति तथा कार्यक्रम यस गरिमामय नवौं गाउँ सभा समक्ष प्रस्तुत गरिरहँदा गाउँबासीको जीवन सुरक्षाको प्रश्नले अत्यन्त गम्भीर बनाएको छ । स्थानिय सरकार र गाउँबासीको संयुक्त पहलकदमीमा यस माहामारीबाट उत्पन्न हुने संकटदेखी पार पाइन्छ भन्ने विश्वास लिएको छु ।

यस अवसरमा सर्वप्रथम,विभिन्न कालखण्डमा राजनैतिक तथा सामाजिक परिवर्तनका साथै शासन व्यवस्थामा जनताको अधिकार स्थापित गराउन र लोकतन्त्र, स्वतन्त्रता र सार्वभौमसत्ताको प्राप्ती र समृद्धिका लागी आफ्नो जीवन उत्सर्ग गरी विभिन्न जनआन्दोलनहरूमा बीरगति प्राप्त गर्नुहुने ज्ञात अज्ञात सम्पूर्ण शहिदहरू प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै शहिदहरूको सपना र मार्गदर्शन अनुरूपको नयाँ नेपाल निर्माण सार्थक तुल्याउने यात्रामा हामी सबैलाई प्रेरणा मिल्ने अपेक्षा गर्दछु ।

कोभिड १९ माहामारीका कारण विश्व नै मानव जाती माथी अत्यन्त अप्ठारो परीस्थितिको सृजना भएको छ । कल्पना भन्दा बाहिरको यस माहामारी विरूद्ध लड्न हाम्र स्वास्थ्य सेवा सुविधा अपर्याप्त रहेको अवस्थामा विश्वमा लाखौ मानिसहरू प्रभावित भै संक्रमणबाट लाखौ मानिसहरूले ज्यान गुमाउने प्रति हार्दिक श्रद्धान्जलि ब्यक्त गर्न चाहन्छु साथै उपचारमा रहेका सम्पुर्ण दाजुभाई तथा दिदि बहिनिहरूको सिघ्रस्वास्थ्य लाभको कामना गर्दछु ।

"कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार गढवा गाउँपालिकाको समृद्धिको आधार" भन्ने नारालाई साकार पार्नकोलागि प्राकृतिक रूपमा सुन्दर,आर्थिक,समाजिक,धार्मिक, सांस्कृतिक र पर्यटकीय दृष्टिले महत्वपूर्ण यस गढवा गाउँपालिकाको हुन गइरहेको नवौं गाउँसभा मार्फत आर्थिक वर्ष २०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रममा उपस्थित हुनुभएकोमा हार्दिक स्वागत गर्दछु।

आदरणीय गाउँसभाका सदस्य ज्यूहरू,

आज हामी यस सम्मानित गरिमामय सभामा गढवा गाउँपालिकाकाको भविष्यको भाग्य र मार्गचित्र कोर्नका निमित यहाँ उपस्थित भएका छौं ।

नेपालको संविधानको भाग १ को धारा ३ अन्तर्गत बहुजाती, बहुभाषिक, बहुधार्मिक,बहुसंस्कृतिक विशेषतायुक्त भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता,भौगोलिक अखण्डता , राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रहि एकताको सुत्रमा आवद्ध सबै नेपालि जनता समष्टिमा राष्ट्र हो भन्ने मर्मलाई सम्मान साथ आत्मसाथ गर्दै हामी आज यो अवस्थामा आईपुगेका छौ ।

निर्वाचित पदाधिकारी एवं कर्मचारीहरूको अथक प्रयासबाट गाउँपालिकालाई आवश्यक पर्ने कानूनको निर्माण, योजना छनौट तथा कार्यन्वयनको स्पष्ट कार्य दिशाको तय विषयगत शाखा बीचको अपसी समन्वय र सहकार्यबाट गर्दै आएको सेवा प्रवाह लगायतको काम कार्यबाहीबाट थप उत्साहित हुदै हामीलाई अगाडि बढ्न पेर् णा मिलेकोछ ।

आकांक्षाहरू धेरै तर श्रोत साधनको सिमितताका बिच ति अपेक्षा पुरा गर्ने चनौति हाम्रो काँधमा आइपरेको छ । एकातिर स्थानिय तहमा जनताको चाहना अनुसार जनताको घरदैलोमा स्थानिय स्तरमा जनतालाई सेवा सुविधा पुर्याउनु पर्ने तथा अर्कोतर्फ आर्थिक,सामाजिक,सांस्कृति,भौतिक पूवाधार लगायतका क्षेत्रको सन्तुलित,समानुपातिक एवं समावेशी विकासका माध्यमबाट समृद्धिको मार्गमा अघि बढ्नु पर्ने गहनतम जिम्मेवारी बहनको अवस्थामा विविधतामा एकताको भावनामा साथ अगाडी बढ्न गढवा गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ को लागी तयार पारिएको वार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सभाका सदस्य ज्यूहरू,

“कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार गढवा गाउँपालिकाको समृद्धिको आधार“भन्ने नारालाई साकार पार्नकोलागि यस आर्थिक बर्षको नीति तथा कार्यक्रमहरू निर्देशित हुनेछन् ।

# १. नीति तथा कार्यक्रमहरू :-

## १.१.कृषि तथा पशुपालनः-

- प्रत्येक वडामा ब्यवसायीक तथा प्रविधिमैत्री कृषि कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ।
- कृषिमा यान्त्रिकरणको प्रयोगलाई प्रोत्साहित गरिने छ।
- नमुना ब्यवसायीक कृषकलाई सम्मान तथा प्रोत्साहन गरिने छ।
- प्राविधिक जनशक्ति विकासका क्रियाकलापहरू सञ्चालन गरिने छ।
- सामुहिक लगानी, सामुहिक खेतीको ब्यवस्था मिलाउने छु।
- कृषि प्रधान मुलकु भएको कारण व्यवसायमा आवद्ध किसानहरूका लागि व्यवसाय .प्रबर्द्धन अन्तर्गत सहयोग कार्यक्रम संचालन गरिने छ ।
- गाउँपालिका स्तरीय कृषि उपज संकलन केन्द्रको स्थापना गरीनेछ।
- यस गा.पा.मा उन्नत जातको पशुपालनलाई प्राथमिकता दिई दुग्ध उत्पादनमा आत्मनिर्भर बनाउदै दुग्धजन्य उद्योग स्थापना, संचालन र व्यवस्थापनका माध्यम बाट स्थानीय रोजगारी श्रृजना र निर्यात वृद्धि नीतिको अवलम्वन गरिने छ ।
- तरकारी खेति कृषकलाई किटनासक औषधि,बिउ बिजन जग्गाको आधारमा अनुदानको ब्यवस्था गर्ने छु।
- शीत भण्डारको व्यवस्थापन गर्दै कृषि उपजको सुरक्षा उच्च मूल्य प्राप्ती को नीति अवलम्वन गरिने छ ।
- पानी संरक्षण प्रविधिहरू जस्तैः थोपा सिंचाई , कालो प्लाष्टिकले जमीन ढाकी तरकारी खेती आदि लाई जोड दिइनेछ।
- पशु बिमा कार्यक्रमलाई प्रभावकारी बनाउने, पशु बिमा सम्बन्धी सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- कृषि योग्य जमिनको अव्यवस्थित तथा गैर कानूनी खण्डीकरण लाई वन्देज गरिने छ ।
- कृषि योग्य बाजो जग्गालाई कृषि कार्यमा प्रयोग गर्नको लागी कृषकहरूलाइ अनुदानको ब्यवस्था गर्ने छु।
- पशु हाटबजार तथा पशुजन्य उत्पादनको बजारीकरणको ब्यवस्थापन गरिने छ।
- नश्ल सुधार कार्यक्रम, घाँस उत्पादन केन्द्र स्थापना र प्रवर्द्धन गरिने छ।
  - कृषि तथा पशु विमालाई प्रोत्साहित गरिने छ ।

- रेशम खेती तथा माछा पालनलाई प्रोत्साहन गर्दै लगिने छ, र रशे म खेती विस्तार गर्न पहल गरिनेछ ।
- अर्गानिक खेति गर्ने किसानलाई कृषि शाखा मार्फत लागत सहभागिताका आधारमा अनुदान दिईनेछ ।
  - विदेशबाट आएका युवाहरूलाई ब्यक्तिगत वा सामुहिक खेति गरेमा प्रदेश सरकार संग समन्वय गरी अनुदानको ब्यवस्था गर्ने छ।

## १.२ स्वास्थ्य तर्फ :-

- १५ शैयाको अस्पताल निर्माण सहित २४ घन्टे आकस्मिक उपचार सेवा तथा सुरक्षित प्रसुति सेवा उपलब्ध गराउन पहल गरिनेछ।
- स्वास्थमा १० वटा जटिल रोगका लागी प्रदान गरिदैआएको उपचार सहयोग लाई निरन्तरता दिदै रू १ लाख सम्मको उपचारमा सिफारिस गरिनेछ।
- स्वास्थ्य चौकिका भवनहरू सुविधा सम्पन्न बनाई आवश्यक सबै सेवा सञ्चालनमा ल्याउन पहल गरिनेछ।
- गुणस्तरीय स्वास्थ्य सेवामा सबैका पहुँच पुराउन स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी क्रमश सम्पुर्ण स्वास्थ्य सेवा प्रदान गर्दै लगीनेछ।
- "स्वस्थ घर तथा स्वस्थ गाउँ" को अवधारणा बनाई कार्यान्वियन गरिनेछ।
- स्वास्थ्यकर्मीको कार्यक्षमता अभिवृद्धि गर्न पुरस्कार र दण्डको ब्यवस्था गरिनेछ।
- गुणस्तरीय एवं स्वास्थ्यवर्द्धक खाद्ययपदार्थको पूयोग बढाउदै कुपोक्षण न्युनीकरण गरिने छ।
- आकष्मिक महामारी रोगहरू नियन्त्रण सहित सुलभ र सहज स्वास्थ्य सेवा प्रवाहका लागी कोष खडा गरी परिचालन गरिनेछ।
- स्वास्थ्य सम्बन्धी मौलिक हकको कार्यान्वियनकालागि स्वास्थ्य संस्थाहरूको सवलिकरण,क्षमता अभिवृद्धि,स्तरोन्नती गर्दै फिल्ड प्रोत्साहन भत्ता, आमा सुरक्षा कार्यक्रमका लागि डमीको ब्यवस्थापन साथै सबै स्वास्थ्य चौकी लाई विशेषज्ञ सेवा सहितको अस्पताल बनाउने नीति लिईनेछ ।
- स्वास्थ्य चौकी नभएका वडाहरूमा स्वास्थ्य चौकी विस्तार गर्न पहल गरिनेछ ।
- स्वास्थ्य तथा जनसंख्या मंत्रालयको समन्वयमा स्वास्थ्य चौकी स्थापना नभएका वडाहरूमा आधारभतु स्वास्थ्य सेवा केन्द्र स्थापना गरी सेवा संचालन गरिनेछ तथा पिछडीएको क्षेत्रहरूमा सामुदायिक स्वास्थ्य इकाई स्थापनाको नीति अवलम्वन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविका,आमा समुहहरूलाई थप जिम्मेवार र उत्तरदायी बनाउन प्रोत्साहनको ब्यवस्था गरिने छ।
- सबै स्वास्थ्य चौकीमा एम.वि.वि.एस डाक्टरद्धारा सेवा पद्रान गरिने ब्यवस्थाको पहल गरिनेछ।
- गा.पा. का सवै बस्तीहरूमा एम्बुलेन्स सेवा संचालनको व्यवस्था मिलाईने छ, र कमजोर आर्थिक अवस्थाका अति विपन्न परीवारका सुत्केरी महिलाहरू र जटिल अवस्थाका कारण जिल्ला भित्रका अन्य अस्पतालमा प्रेषण गर्नु परेमा निःशुल्क एम्बेलेन्स सेवालाई निरन्तरता गरिनेछ ।
- आयुर्वेदको विकासमा जोड दिदै अन्य परम्परागत वैकल्पीक चिकित्स प्रणालीको समुचित प्रयोग गरी स्वास्थ्यको लागि सक्रिय जिवनको नारालाई अगाडी बढाईनेछ । योग शिविरलाई संस्थागत

तथा स्वास्थ्य प्रणालीको सूचकको रूपमा ल्याईनेछ ।

- सर्पदंस, रेविज खोप जस्ता कार्यलाई प्रभावकारि र व्यवस्थित गरिनेछ।
- गा.पा. बाट दिदै आएको सुत्केरी पोषण भत्तालाई निरन्तरता दिईनेछ ।
- सिकलसेल बारेमा जनचते ना जगाई न्यूनिकरण गर्ने नीति लिईनेछ ।
- आमा समूह तथा महिला स्वायंसेविका परिचालन गरी समदुाय स्तरमा स्वास्थ्यका कार्यक्रम गरिने छ ।
- कोभिड १९(कोरोना भाइरस) माहामारीमा अग्रपन्तिमा खटिने स्वास्थ्य कर्मी तथा सुरक्षाकर्मिहरूलाई धन्यवाद दिदै उत्त माहामारी बाट संक्रमित भएका बिरामीहरूलाई क्वारेन्टाइन र आवश्यकता अनुसार अक्सिजनको सहज आपूर्ति सहितको आइसोलेसन ब्यवस्था गरिने छ ।

## १.३ योजना तथा पूर्वाधार :-

- अधुरा तथा क्रमगत योजनाहरूलाई पहिलो प्राथमिकता दिइने छ ।
- सडक, पुल तथा भवन निर्माण गर्नु पूर्व आवाधिक योजना निमार्ण गरि कार्यान्वियन गरिने छ ।
- गाँउ यातायात गुरूयोजना तर्जुमा गरी सोको प्राथमिकता अनुसार सडक आयोजना निर्माण गर्न पहल गरिने छ ।
- मुख्य मुख्य सडकहरूमा कालोपत्रे सुरू गरिनेछ।
- प्रगंन्ना तथा बड्कापथ सिचाई आयोजनाको निमार्ण कार्यलाई सहज बनाईनेछ।
- आम उपभोक्ताको (लागत) सहभागितामा संरचना निर्माण कार्यमा कम्तिमा १० प्रतिशत र ग्राभेल, माटो तथा कुलोपानीको कार्यमा कम्तिमा १० प्रतिशत नगद, श्रम र सामग्रीको योगदान अनिवार्य जुटाई आयोजना सञ्चालन गरिनेछ ।
- उपभोक्ता समितिलाई आयोजनाको प्राविधिक पक्ष (डिजाइन, इष्टिमेट, मापदण्ड, मर्मत संभार आदि) र व्यवस्थापकीय पक्ष (उपभोक्ता समिति परिचालन, खरिद प्रक्रिया, जिम्मेवारी बाँडफाड, रकम निकासा, कार्ययोजना, सार्वजनिक परीक्षण तथा फरफारक आदि) विषयमा व्यवस्थित रूपमा तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ ।
- उपभोक्ता समिति परिचालन सम्बन्धी कार्यविधि तयार गरी सो अनुसार उपभोक्ता समितिद्वारा आयोजना कार्यान्वियन गरिनेछ ।
- अनुगमन कार्यलाई नियमित र प्रभावकारी बनाउन अनुगमन समितिका साथै जनप्रतिनिधि, सम्बन्धित प्राविधिक कर्मचारी, सञ्चारकर्मी तथा स्थानीय समुदायको सहभागितामा आयोजनाको नियमित विस्तृत रूपमा स्थलगत अनुगमन तथा प्रगतिको लेखाजोखा गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरिनेछ ।
- पूर्वाधार तथा संरचना निर्माण आयोजना कार्यान्वियन गर्दा आयोजना मितव्ययी, समुदायको सहभागिता र प्रभावकारिता वृद्धि हुने भएको अवस्थामा मात्र उपभोक्ता समितिबाट आयोजना सञ्चालन गर्न प्राथमिकता दिइनेछ ।
- आयोजनाको सञ्चालनको अवस्था तथा सम्पन्न भएपछि आम उपभोक्ता तथा सरोकारवालाको सहभागिता र नागरिक समाज संस्थाको सहजीकरणमा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षणलाई अनिवार्य गरी आयोजनाको पारदर्शिता, प्रभावकारिता र जवाफदेहीता अभिवृद्धि गरिनेछ ।

- टोल विकास संस्था तथा स्थानीय समुदायको सहभागितामा सडक अधिकार क्षेत्रको अतिक्रमण हटाई सडक सुरक्षा गरी आवतजावत सुचारू गरिनेछ ।
- . पूर्वाधार विकास सम्बन्धी आयोजना निर्माण गर्दा आयोजनाको सञ्चालन मितव्ययी हुने, लागत सहभागिता तथा प्रभावकारिता वृद्धिको सुनिश्चितता हुने अवस्थामा पूर्वाधार निर्माण कार्यलाई आवश्यकता अनुसार टोल विकास संस्था, महिला तथा आमा समूह, विद्यालय तथा स्वास्थ्य संस्था व्यवस्थापन समिति, सामुदायिक तथा मध्यवर्ती वन उपभोक्ता समिति र गैर सरकारी संस्था मार्फत समेत कार्यान्वियन गर्ने व्यवस्थापन गरिनेछ ।
- पूर्वाधारतर्फ वडा र गाउँपालिका स्तरमा गौरवका आयोजनाको रूपामा कम्तीमा १/१ वटा योजना संचालन गरिने छ।
- कोईलाबास भन्सार नाका संचालनका लागि नेपाल सरकार/प्रदेश सरकार सँगको समन्वयबाट गढवालाई व्यापारीक केन्द्रका रूपमा विकास गर्न पहल गरिने छ।
- युवाहरूलाई प्रोत्साहन गर्न अध्यक्ष कप खेलकुद प्रतियोगितालाई निरन्त्ररता दिईने छ ।
- गढवा गाउँपालिका भित्र नयाँ शहर निर्माण गर्न प्रदेश तथा संघीय सरकार सँग विशेष पहल गरिनेछ ।
- गढवा गा.पा लाई अन्तराष्ट्रिय सिमा हुदै कपिलवस्तु र राजपुर गा.पा हुदै नेपालगञ्ज जोड्ने रिङ रोड बनाउन पहल गरिनेछ।

## १.४.सेवा प्रवाह, सुशासन र संस्थागत विकास :-

- सार्वजनिक सरोकारका विषयसँग सम्बन्धित सार्वजनिक निकायमा रहेका सूचनामा कानुनबमोजिम नागरिकको पहुँच अभिवृद्धि गरिनेछ ।
- कार्यसञ्चालन र प्रशासनिक कार्यलाई छिटो, छरितो , प्रभावकारी, पहुँचयोग्य, पारदर्शी, भ्रष्टचारमुक्त, जनमैत्री र नतिजामुलक बनाई सुशासन स्थापना गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाँउपालिकाको संस्थागत क्षमता विकास गर्न निर्वाचित जनप्रतितिधि तथा नव समायोजित कर्मचारीहरूका लागि अभिमुखिकरण, तालिम, गोष्ठी अध्ययन भ्रमण जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- गाँउपालिकालाई आन्तरिक श्रोतमै आत्मनिर्भर बनाउन थप राजश्वको श्रोतहरूको खोजी गरिने छ।
- गाँउपालिका भित्र रहेका सबै खाले व्यवसायहरूलाई करको दायरा भित्र ल्याउन व्यवसाय दर्तालाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।
- आम नागरिकहरूसँग सरोकार राख्ने आधारभूत वस्तु तथा सेवाको यथोचित मूल्य,आपूर्ति र गुणस्तर कायमगर्न स्थानीय बजार व्यवस्थापन सम्बन्धी मापदण्ड तयार गरी कार्यन्वयन गरिनेछ।
- नागरिक वडापत्र अद्यावधिक सहित प्रभावकारी विधि द्वारा जनतालाई जानकारी गराइनेछ ।

- आवश्यक ऐन, नियम, विनियम, निर्देशिका तथा कार्यविधि तर्जुमा गरिनेछ ।
- प्रत्येक शाखाको कार्यविवरण र कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- सबै जनप्रतिनिधि तथा कर्मचारीहरूको स्पष्ट कार्यविधि तोकी लागू गरिनेछ ।
- आवश्यक दक्ष जनशक्ति र सेवाको गुणस्तर वृद्धि गरिनेछ ।
- विद्युतिय माध्यमबाट सेवा प्रवाह गरिनेछ ।
- उपभोक्ता समिति परिचालन कार्यविधि पूर्ण रूपमा कार्यान्वयन लागु गरिनेछ ।
- प्रत्येक वर्ष कार्यविधि वनाई सेवा ग्राहीको सन्तुष्टि मापन गरिनेछ ।
- सुशासन, पारदर्शिता र जवाफदेहिताको कार्यविधि तयार गरी लागु गरिनेछ ।
- सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्न क्षमता अभिवृद्धि कार्य र कार्य सम्पादनको आधारमा कर्मचारीलाई प्रोत्साहन गर्ने छु।
- विद्युतीय हाजिरी,विद्युतीय नागरिक वडा-पत्र,मोवाईल SMS प्रणाली,नागरिक SMS प्रणाली, एल.ई.डि डिस्प्ले र उच्च क्षमताको नेट जडान गरी सूचना प्रविधि मैत्री गाउँपालिका निर्माणमा निरन्तरता दिइने छ।
- पारदर्शिता र जवाहदेहिता पर्वर्द्धन गर्न सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई,जस्ता विधि उपयोग गर्दै वित्तीय अनुशासन कायम गरिने छ।
- गाउँपालिकाबाट जनतालाई प्रदान गरिने सेवाहरूमा छिटो छरितो र प्रभावकारी बनाउन कम्प्युटरकृत सेवा पप्रालीको बिकास गर्दै लगिने छ ।
- दर्ता भएका सामाजिक संघ संस्थाहरूलाई परिचालन गरी विभिन्न किसिमका कार्यक्रमहरू संचालन गरिने छ ।
- सार्वजनिक सुनुवाई आयोजना गरी सार्वजनिक उत्तरदायित्व अभिवृद्धि गर्न पहल गरिने छ ।

## १.५ खानेपानी तथा सरसफाई तर्फ :-

- सबै वडामा गुणस्तरीय खानेपानी तथा सरसफाई सेवा सुबिधाको उपलब्दता हुनेछ।
- सबै क्षेत्रमा ट्युबेलको पानी परिक्षण गरिनेछ।
- प्रत्येक विद्यालयमा साबुन पानीले हात धुने ठाँउको उचित ब्यवस्थापन हुने छ।
- जलवायु अनुकूलन आयोजनाको निमार्ण, जलधार क्षेत्रको संरक्षण, परम्परागत स्रोतको संरक्षण जस्ता कार्यलाई प्राथमिकता दिइने छ।
- खानेपानी र अन्य प्रयोजनको लागी पानीको विवेकशिल प्रयोगको निम्ति जनचेतना अभिवृद्धि गरिने छ।
- जनताको स्वास्थ्यको लागीस्वच्छ खानेपानीको पहुँचका लागि पूर्ण सरसफाईको अभियान सहित खानेपानी र सरसफाईलाई प्राथामिकता दिइने छ ।

- सार्वजनिक शौचालय,पर्यटकीय स्थल, पिकनिक पार्कहरू,धार्मिक क्षेत्रहरूको पूर्ण सरसफाई क्षेत्रको रूपमा विस्तार गरिने छ ।
- फोहरमैला विर्सजनको लागी ल्याण्डफिल्ड साइडको अजै ब्यवस्थीत गरिने छ।

## १.६ सिचाई तथा नदी नियन्त्रण :-

- सम्भाब्यता र आवश्यकता अनुसार बोरिङ; डिप बोरिङ सचांलन तथा जडान गरिने छ।
- पक्कि कुलो, नहरको ब्यवस्था गरी संचालन गरिने छ।
- जिर्ण कुलोहरूको मर्मत सम्भार तथा ब्यवस्थापन गरिने छ।
- पालिकाको दक्षिणी चुरे पर्वतमाला जलधारको सरंक्षण गरी सिचाइमा सदुपयोग गरिने छ।

## १.७ व्यवस्थित बसोवास र भवन निर्माण :

- गाउँपालिकाकोभू-उपयोग योजना तथा भवन निर्माण मापदण्डले तोकेको स्थानहरूमा निर्धारीत मापदण्ड कार्यान्वियन गरी व्यवस्थितर सुन्दर बस्ती निर्माणको नीति लिईनेछ ।
- यस गा.पा क्षेत्रमा बर्षौदेखि बसोबास गरेका भुमीहिन सुकुम्बासीहरूको लगत लिई जग्गाको मालिक बनाउन प्रक्रिया अगाडि बढाइनेछ।
- भवन निर्माण आचार संहिता र मापदण्ड लाई कार्यान्वियनमा जोड दिईनेछ।
- गा.पा. भित्रको आवादि सार्वजनिक जग्गा र राप्ति नदि किनारको जग्गा संरक्षण गरी कृषि तथा अन्य उधोगका लागी प्रयोगमा ल्याइनेछ ।
- सबै वडाहरूमा घर निर्माण गर्नु अघिनै नक्शा पास प्रक्रियालाई अनिवार्य गरिनेछ।
- बाँध, तटबन्ध, स्पर तथा नालाको निर्माण गरी जोखिममा रहेका वस्तीहरूको संरक्षण र सुरक्षाको व्यवस्था गर्न पहल गरिनेछ ।
- निर्धारित सडक अधिकार क्षेत्र र मापदण्ड अनुसार आवास र भवन निर्माण सम्बन्धी व्यवस्था लागू गरिनेछ ।

## १.८ संस्कृति तथा पर्यटन :

- होमस्टे सहितको नमुना गाउँको रूपमा विकासका लागि पर्यटन पूवाधारको विकास गर्ने
- पर्यटन विकासका लागि पिकनिक स्थल, पार्क आदिको निमार्ण गरिनेछ।
- कोइलाबासको राम जानकि मन्दिर,कुलपानि, धानखोला, जगंलकुटि,कोटहि, कालि मन्दिर,हँसेश्वोर मन्दिर, कन्दरा मन्दिर,कोटियामाइ मन्दिर लगाएत धार्मिक तथा पर्यटकिय हिसाबले महत्वपूर्ण मानिने यस क्षेत्रका ऐतिहासिक साँस्कृतिक र पुरातात्वीक महत्वका स्थलहरूको विकास तथा संरक्षण प्रर्वद्धनको नीति लिईनेछ ।
- मठ मन्दिर, मस्जिद, गुम्बा, चर्च साथसाथै क्षेत्र तथा नदि तालतलैयाहरूको संरक्षण तथा

सम्बर्धन गरिनेछ ।

- भाषा, कला, साहित्य तथा समृद्धीका लागि साहित्यीक तथा साँस्कृतिक कार्यक्रमलाई संचालन गरिनेछ ।
- संघ, प्रदेश र स्थानिय तह सँगको साझेदारीमा साँस्कृतिक संग्राहलय स्थापनागर्न पहल गरिनेछ।

## १.९ बन,वतावरण तथा विपद् ब्यवस्थापन :

- जीविकोपर्पाजनको लागि वनको अवधारणालाई सार्थक तुल्याउन यस क्षेत्रमा रहेका सामुदायिक साझेदारी, धार्मिक र कवुलियती वनको वैज्ञानिक व्यवस्थापन र नियमनमा जोड दिनेछु ।
- हरीयाली तथा वातावरण मैत्री विकासलाई निरन्तरता दिई हरियाली सडक प्रवर्द्धन कार्यलाई अगाडी वढाउनेछु ।
- रिमोट सेन्सिङ; भौगोलिक सूचना प्रणाली र जोखिम नक्सा तथा बाढि विश्लेषण जस्ता विधिहरूको प्रयोग गरि प्रकोप नियन्त्रण कार्यलाई पूभावकारी बनाईनेछ।
- विपद् सम्बन्धी सूचनाहरूलाई एकीकृत रूपमा संकलन,प्रशोधन र भण्डारण गरी विपद् जोखिम ब्यवस्थापनका लागी उपयोगमा ल्याइनेछ।
- गाँउको सुन्दरता तथा पर्यावरणीय स्वच्छता र जलवायु परिवर्तन अनुकुलतामा अभिवृद्धि गरिनेछ ।
- जोखिम नक्सा र क्षेत्र निर्धारण गरी नदि विशेष नियन्त्रण तथा व्यवस्थापन गुरूयोजना तयार गरी कार्यान्वियन गरिनेछ ।

## १.१० शिक्षा :

- गाउँपालिका अन्तरगत संचालित सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपातका आधारमा दरबन्दि मिलान गरि नपुग दरबन्दिमा हाल निजिस्रोत शिक्षकको रूपमा कार्यरत शिक्षकको ब्यवस्थापन गरी माध्यमिक तह कक्षा १–१० सम्म निशुल्क गरिने छ।
- संघिय सरकारको निति अनुरूप न्युनतम पारिश्रमिक रू १५ हजार पुर्‍याउन हाल सामुदायिक विद्यालयमा कार्यरत बाल बिकास केन्द्र सहजकर्ता र विद्यालय कर्मचारीहरूको न्युनतम पारीश्रमिकमा नपुग रकम ब्यवस्थापन गरिने छ।

- शिक्षाको उज्यालो प्राप्त गर्न नसकेका स्थानमा बालबालिकाहरूको पढ्ने लेख्ने अधिकारलाई सुनिश्चित गर्ने गरी शैक्षिक पहुँच  कार्यक्रम संचालन गरिनेछ ।
- सबै सरकारी विद्यालयहरूलाई नेपाल सरकारको शिक्षा नियमावलि अनुरूप संचालन गरिनेछ।
- सबै सामुदायिक विद्यालयहरूलाई सूचना तथा प्रविधि मैत्री बनाइनेछ।
- हरेक विद्यालयहरूमा क्रमश प्राविधिक शिक्षालाई विशेष जोड दिइनेछ।
- प्रारम्भिक कक्षामा रमाइलो पढाई तथा दिगो सिकाइको अवधारणा कार्यान्वियन गरिनेछ।
- शिक्षकहरूको कार्यसम्पादनलाई विद्यालयका हरेक कक्षाका विद्यार्थीले हासिल गरेको नतिजासँग आवद्ध गरी पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ।
- एक वडा एक नमुना मा.वि को अवधारणा ल्याइनेछ।
- विद्यालयमा विद्यार्थीहरूलको अतिरिक्त क्रियाकलापमा विशेष जोड दिइनेछ।
- विद्यालय क्षेत्रलाई बालमैत्री तथा शान्ति एवम सवै प्रकारका विभेदमुक्त क्षेत्रको रूपमा विकास गरी छात्रवृत्ति र पोषण कार्यक्रमलाई प्राथामिकता दिईनेछ ।
- विद्यालयहरूमा जीवनउपयोगी सिप र किशोर किशोरीको जीवनवृत्ति योजना प्रवर्द्धन गरिने छ।
- शैक्षिक प्रशासनमा निरन्तर सुधार तथा गुणस्तर र सुशासनलाई संस्थागत गर्न नियमित रूपमा विद्यालय अनुगमन गरी सुचक सहितको मुल्याङ्कन पद्धतिको विकास गरिनेछ ।
- सबै प्रकारका शैक्षिक संस्थाहरूको भौतिक अवस्थामा सुधार गरी विपद् प्रतिरोधी बनाइनेछ ।
- माध्यमिक तह (कक्षा ११ र १२) अध्ययनरत दलित, सिमान्तिकृत एवं विपन्न विद्यार्थी सहयोग कार्यक्रम  सञ्चालन गरिनेछ ।

## १.११ यूवा तथा खेलकुद

- प्रदेश सँगको साझेदारीमा गढवा क्षेत्रलाई पहिचान दिन सक्ने व्यवस्थित र  अधुनिक खेलकुद मैदानको निर्माण कार्य लाइ निरन्तरता दिइनेछ ।
- अध्यक्ष । उपादक्ष्य कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिनेछु ।
- युवाहरूलाई व्यवसायीक, सीपमलुक तालिम दिई आय आर्जन बृद्धि गर्ने कार्यक्रम बनाई लागु गरिनेछ ।
- युवाहरूलाई प्रोत्साहन गर्न लाई युवा स्वरोजगार कार्यक्रम संचालन गरिनेछ।

## १.१२ महिला तथा सामाजिक समावेशीकरण :

- सबै प्रकारका घरेलु हिंसाबाट महिलाहरूलाई न्याय दिलाईनेछ । घरलेु हिंसा न्यूनिकरण गर्न आवश्यक सचेतना कार्यक्रम संचालन गरिनेछ । घरेलु हिंसामा परेका महिलाहरूलाई सुरक्षा प्रदान गरी सहयता पुर्‍याउन सेफ हाउस (सुरक्षित आवस) लाई संचालनमा ल्याउन पहल गरिनेछ ।
- स्थानिय शासनका सबै तह र प्रक्रियामा विपन्न तथा वञ्चितिमा परेका वर्ग तथा समुदायको प्रतिनिधित्व सुनिश्चित गरिनेछ।
- लक्षित वर्गको स्वास्थ्य तथा शिक्षा सम्बन्धी कार्यक्रममा बजेट वृद्धिका लागी सम्बन्धित निकायहरूसगं समन्वय गरिनेछ।
- लक्षित समुदायको परम्परागत सीप,भाषा र संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकासका लागि सम्बन्धित समुदायकै अग्रसरतामा विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- चेलिबेटी, बेचविखन गर्ने,बालश्रम शोषण गर्ने,जातिय विभेद गर्नेलाई सामाजिक रूपमा बहिष्कार गर्दै कानुनको दायरामा ल्याइनेछ।
- अपाङ्गता भएका व्यक्ति लगायत लक्षित तथ्याङ्क नियमित रूपमा आवधिक गरिनेछ।।
- आदिवासी जनजाति,अल्पसंख्यक, मधेशी,मुस्लिम पिछडा वर्ग आदिका लागि पर्वद्धन कार्यक्रम मार्फत प्रोत्साहित गरिनेछ ।
- कम्लरी, हलिया तथा कमयैा प्रथालाई निरूत्साहित गरिनेछ साथै बाल श्रम, बालविवाह र बहुविवाह लाई निरूत्साहित गर्ने नीति लिईनेछ ।
- बेरोजगार महिलाहरूलाई प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री ग्रमिण विकास कार्यक्रम समन्वय गरी रोजगारको ब्यवस्था गर्ने छु ।
- प्रत्येक वडाका बाल क्लव गठन गरी गा.पा स्तरीय बाल संजाल बनाइनेछ ।
- बाल अधिकार सम्बन्धि सचेतना अभिवृद्धि गराउने कार्यक्रमहरू संचालन गरिनेछ ।
- बालहिंसा जन्य क्रियाकलापलाई निरूत्साहीत गरिनेछ ।
- सवै वडाहरूमा मेलमिलाप केन्द्र संचालनमा ल्याउन पहल गरिनेछ।
- मुक्त कमैया तथा कम्लरीलाई रोजगारका लागी सिपमुलक तालिमको ब्यवस्था गरिनेछ।

## १.१३ विद्युत

- "उज्यालो गढवा कार्यक्रम" लाई थप ब्यवस्थित गर्ने निति ल्याइनेछ।
- बिद्युत क्षेत्रको समग्र समस्याहरूलाई एकीकृत रूपमा समाधान गर्ने गरी गा.पा.क्षेत्रमा बिद्युतको सब-स्टेशन निर्माण, क्षमता विकास र महशुल काउन्टर संचालनको पहल गरिनेछ।
- स्थानीय समुदाय तथा टोल विकास संस्था परिचालन गरी विद्यूत चोरी नियन्त्रण गरिनेछ ।

## १.१४ अर्थ तथा राजश्व

- "हाम्रो कर हाम्रै लागि" भन्ने अभिप्रायका साथ यस गाउँपालिकाको समृद्धि र अति आवश्यक सेवा प्रवाहका लागि श्रोत जुटाउन आधारभूत करका दरहरूलाई यस वर्षमा यथावत राख्दै करको दायरा फराकिलो बनाउने नीति लिइएको छ ।
- यस गढवा मा संचालित क्रसर उधोगहरूलाइ करको दायरामा ल्याइनेछ।
- स्थानीय तहलाई प्रप्त अधिकार कार्यान्वियन गर्ने करदाता शिक्षा अभियान संचालनमा ल्याई उत्कृष्ट करदाताहरूलाई सम्मानको नीति अवलम्वन गरिनेछ ।
- आर्थिक विकासको मेरूदण्डको रूपमा रहेको निजी क्षेत्रलाई प्रोत्साहन गर्न सार्वजनिक निजी साझेदारीको अवधारणालाई कार्यान्वियनमा ल्याईनेछ।
- गाउँपालिका स्तरीय राजश्व प्रामर्श समितिले राजश्वका श्रोत, दर र दायरा अध्ययन विश्लेषण गरी दिईएका सुझाव एवम सिफारीस लाई गाउँपालिकाको राजश्व नीतिको आधारमा अवलम्बन गरिनेछ ।
- बेरूजी फछ्र्यौट गर्ने कार्यलाई प्रभावकारीरूपमा लगीने छ ।
- गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका अन्तरिक आयका श्रोतहरूको पहिचान तथा समुचित उपयोग गरी समयानुकुल आन्तरिक श्रोतको पहिचान गरी वृद्धि गरिदै लैजाने छ ।
- उद्योग वाणिज्य संघ सँग समन्वय गरी बजार व्यवस्थापन समितिहरूलाई क्रियाशिल बनाई दैनिक उपभोग्य वस्तु, सरसमानको मुल्यमा एकरूपता ल्याई प्रत्येक पसलमा अनिवार्य रूपमा मल्य सूची राखिनेव्यवस्था मिलाइनेछ ।
- दर्ता भएका वा नभएका सहकारी संस्थाहरूलाई दर्ता गरी प्रोत्साहन गरिने नीति ल्याईनेछ ।
- बैंक वित्तिय संस्था र गैरसरकारी संस्थाहरूलाई गा.पा. मा दर्ता गरी व्यवस्थीत तरिकाले संचालन गर्न नीति ल्याईनेछ ।

- स-साना घरलेु उद्योग हरूलाई प्रोत्साहन गर्दैठूला उद्योगहरूलाई व्यवस्थापन गरी संचालनमा ल्याईने छ ।
- व्यपारीहरूलाई कर बझुाउन सजिलो हुनेजानकारी दिन कर शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- यस गा.पा संचालित ब्यापार ब्यवसाय उद्योग लाइ दर्ता नभएका फर्म लाइ उद्योग वाणिज्य संघको सहकार्यमा अनिवार्य रूपमा दर्ता गरी कर को दायरामा ल्याइनेछ ।
- निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गरी लगानी गर्न वातावरण बनाइनेछ ।
- निजी क्षेत्रलाई विकासको लागी लगानी गर्न प्रोत्साहन गर्ने निति लिइनेछ ।

## १.१५ विविध

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई अझै सहज र प्रभावकारी बनाउँन बैकिङ्क प्रणालीलाई निरन्तरता दिईने छ ।
- गैर सरकारी क्षेत्रलाई आर्थिक सामाजिक विकासको साझेदारको रूपमा परिचालन तथा नियमन गरिनेछ ।
- यस गाउँपालिकामा रहेका जेष्ठ नागरिक लगायत सवैलाई निःशुल्क आँखा उपचार सेवाको व्यवस्था गरिनेछ ।
- यस गा.पा को वडा नं १ देखी ७ सम्म राप्ति नदिले वषै पिछे धार परीवर्तन गरी क्षति पुर्याउनु को साथै विपद ल्याउने भएकोले सो रोकथामको लागी बहाबलाई बिच नदिबाट बगाउनको लागी आवश्यक पहल गर्ने छु र सो बाट उत्खनन् गर्दा प्राप्त भएको नदी जन्य पदार्थ बेचबिखन गरी गा.पा को आन्तरिक श्रोत वृद्धि गर्ने छु ।
- गा.पा अर्न्तगतका खोला नाला, राप्ति नदिबाट नदी जन्य पदार्थ उत्खनन् गरी गा.पा को आय श्रोत वृद्धि गर्नको लागी नदि, नाला खोलाहरूको I.E.E गर्ने छु ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तगर्त जेष्ठ नागरिक घर दैलो स्वास्थ्य शिविर उपचार कार्यक्रमलाई निरन्तरता दिईने छ । स्वास्थ्य कर्मीको व्यवस्था गरी ७० वर्ष माथिका नागरिकको स्वास्थ्य परीक्षणको निम्ती घुम्ती टोलीको व्यवस्था गरिनेछ ।
- स्थानीय अपतकालीन सेवा केन्द्र स्थापना गरी विपद्को सूचना प्राप्त गर्ने पद्धति सुचारू गरिनेछ ।
- निर्माण कार्यमा जनसहभागिता परिचालन गरिने उपभोक्ता समितिलाई पुरस्कृत गरिने छ।

### १.१६ सूचना तथा प्रविधि

- सूचना प्रविधि प्रवर्द्धन गरी सेवा प्रवाह विद्युतीय प्रणालीमा आधारीत र चुस्त बनाईनेछ।
- गाउँपालिकाले प्रवाह गर्ने सेवा तथा सुविधा, प्रगति विवरण सफल अभ्यास, सेवा प्रवाहको स्तर र नागरीक सन्तुष्टी सम्बन्धी सूचना तथा विवरण प्रकाशन र प्रसारणको लागी स्थानिय मिडियाको परिचालन गरीनेछ।
- जनप्रतिनिधि र कर्मचारीको क्षमता विद्धिको लागी ICT तालिम सञ्चालन गरीनेछ।
- सेवा चुस्त दुरूस्तको लागी बिभिन्न सफटवयेर जडान गरीनेछ।
- गाउँ कार्यपालिका कार्यालय एकीकृत सेवा प्रवाहसँगै CCTV क्यामरा जडान तथा सबै वडा कार्यालय, सेवा केन्द्रहरूमा क्रमश विस्तार गर्न पहल गरिनेछ।

सभाका सदस्य ज्यूहरू,

"कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार गढवा गाउँपालिकाको समृद्धिको आधार" भन्ने नारालाई साकार पार्नका लागि माथिका नीति तथा कार्यक्रमहरूखम्बाको रूपमा रहनेछन् । नीति तथा कार्यक्रमको सफल कार्यान्वयन गाउँपालिकाबाट मात्र सम्भव नहुने हुनाले यहाँ उपस्थित सभासदस्य ज्यूहरू, ,संचारकर्मी ,कर्मचारी सहित सम्पूर्ण गढवा गाउँपालिकाबासी हरूको रचनात्मक एवं सक्रीय सहयोगको अपेक्षा गरिएको छ ।

**धन्यवाद ! नमस्कार!!**

संवत् २०७८ साल असार १० गते